आज मिति: २०७९।०५।०२ गतेका दिन यस बाणगङ्गा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री चक्रपाणि अर्याल ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारको पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | सदस्य | |
| १५ | चन्द्रवती थारु | सदस्य | |
| १६ | दानु घर्ति | सदस्य | |
| १७ | शान्ता पाण्डे | सदस्य | |
| १८ | शारदा परियार | सदस्य | |
| १९ | कृष्ण कुमार सुनार | सदस्य | |
| २० | डिलबहादुर सुनार | सदस्य | |
| २१ | पिताम्बर विश्वकर्मा | सदस्य | |
| २२ | खिमानन्द भुसाल | सचिव | |

बैठक संख्याः ०१

**प्रस्ताव नं. १.०१**

**यस अघिको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय १.०१**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस अघि कार्यापालिका बैठकमा भएका निर्णयहरु सम्वन्धमा समिक्षा गरियो। कार्यान्वयन प्रक्रियामा भएका प्रगती एवं कमी कमजोरी सम्वन्धमा आगामी दिनमा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय सर्व सम्मतीले गरियो।

**प्रस्ताव नं. १.०२**

**भू-उपयोग ऐन, २०७६ बमोजिमको कार्यान्वयन समिति गठन सम्बन्धमा,**

**निर्णय १.०२**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा भू-उपयोग ऐन, २०७६ को दफा २० बमोजिम स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहजिकरणका लागि निम्न बमोजिमको भू-उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| क) श्री चक्रपाणी अर्याल | - नगर प्रमुख | - अध्यक्ष |
| ख) सम्बन्धित वडाका वडा अध्यक्षहरु सबै | - | - सदस्य |
| ग) श्री खिम बहादुर जि.सी. | - भूमि ईकाई | - सदस्य |
| घ) श्री लेष बहादुर के.सी. | - कृषि विकास शाखा प्रमुख | - सदस्य |
| ङ) श्री सुरज घिमिरे | - भौतिक पूर्वाधार शाखा प्रमुख | - सदस्य |
| च) श्री सुनिल श्रेष्ठ | - शहरी विकास शाखा प्रमुख | - सदस्य |
| छ) श्री भेषराज पाण्डे | - बाणगङ्गा-४ | - सदस्य |
| ज) श्री विष्णु मल्ल | - बाणगङ्गा-८ | - सदस्य |
| झ) श्री ईन्दिरा पन्त | - बाणगङ्गा-४ | - सदस्य |
| ञ) श्री मुक्त बहादुर कार्की | - बाणगङ्गा-२ | - सदस्य |
| ट) श्री खिमानन्द भुसाल | - प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

**प्रस्ताव नं. १.०३**

**भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धमा नगरपालिका स्तरीय र वडास्तरीय सहजीकरण समिति गठन सम्बन्धमा,**

**निर्णय १.०३**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा आवश्यक सहयोग र सहजीकरणका लागि निम्न बमोजिमको नगरपालिका र वडा स्तरीय सहजीकरण समिति गठन गर्ने र उल्लेख भए बमोजिमको समिति गठन गर्नको लागि वडा समितिलाई निर्देशन दिने।

<u>नगरपालिका स्तरीय सहजीकरण समितिः</u>

| | | |
|---|---|---|
| क) श्री चक्रपाणी अर्याल | नगर प्रमुख | - संयोजक |
| ख) श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | - उपसंयोजक |

चक्रपाणी अर्याल
नगर प्रमुख

ग) श्री राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधी - सदस्य

घ) श्री डिल बहादुर सुनार कार्यापालिका सदस्य अल्पसंख्यक - सदस्य

ङ) श्री शारदा परियार कार्यपालिका सदस्य दलित महिला - सदस्य

च) पालिकास्तरीय सहजीकरण समितिबाट मनोनित कम्तिमा १ महिला १ दलित गरी जम्मा ३ जना (किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतको क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाज) - सदस्य

छ) श्री खिमानन्द भुसाल- प्रमुख प्रशासकीय अधिकृत- - सदस्य सचिव

**वडास्तरीय सहजीकरण समिति:**

क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित वडाका वडा सदस्यहरु सबै - सदस्य

ग) सम्बन्धित वडामा क्रियाशिल राजनीतिक दलका १/१ जना प्रतिनीधी - सदस्य

घ) वडास्तरीय सहजीकरण समितिबाट मनोनित कम्तिमा १ महिला, १ दलित, गरी जम्मा ३ जना (किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतको क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाज) - सदस्य

ङ) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

**प्रस्ताव नं. १.०४**

**नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची (TOR) सम्बन्धमा,**

**निर्णय १.०४**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा आ.व. २०७९।०८० र २०८०।०८१ को लागि नगरपालिका भित्र रहेका बाणगङ्गा, कोइली र घिरी खोलाबाट नदीजन्य पदार्थ उत्खन्न एवम् संकलन गर्नुपूर्व प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयार गर्नुपर्ने भएकोले स्थानिय आवस्यकता र वस्तुस्थिति एवं वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, संघिय सरकारद्वारा जारी ढुङगा, गिट्टी तथा नदी जन्य पदार्थ सम्वन्धी मापदण्ड, प्रदेश सरकारद्वारा जारी गरीएका कानून/ मापदण्ड समेतको आधारमा कार्यालयबाट तयार गरिएको नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची (TOR) स्वीकृत सर्वसम्मतीले गरियो।

**प्रस्ताव नं. १.०५**

**रोजगार संयोजक र रोजगार सहायकको पदपूर्ति सम्बन्धमा,**

**निर्णय १.०५**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा रोजगार संयोजक र रोजगार सहायकको पदपूर्तिको लागि सूचना प्रकाशन भई उम्मेदवारको सूचि प्रकाशन र छनोट परिक्षा संचालन गर्ने काम बांकी रहेको अवस्था बिद्यमान छ। हाल सरकारवाट संघीय ससंद र प्रदेश ससंद सदश्यको निर्वाचन आगामी मंसिर ४ गते हुनेगरी मिति घोषणा भई सकेको, स्थानीय स्तरमा हाललाइ पदपूर्ति नगर्ने ब्यहोराका प्रतिक्रियाहरु एवं सुझावहरु प्राप्त हुन आएका, पदपूर्तिको कार्यले निर्वाचनलाई समेत असर पार्न सक्ने भन्ने गुनासाहरु प्राप्त भएका समेतको आधारमा हाल रोजगार संयोजक र रोजगार सहायकको पदपूर्ती गर्ने कार्यलाई स्थगित गरी

चक्रपाणी अर्याल
नगर प्रमुख

निर्वाचन पश्चात पदपूर्तिको प्रक्रिया अगाडि बढाउने गरी हाललाइ पद पूर्तिका कार्यक्रम स्थगित गरी सोही ब्यहोराको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.०६**
**कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,**
**निर्णय १.०६**
प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा पशु सेवाको क्षेत्रमा सहयोग पुऱ्याउने उद्धेश्यले कार्यालयबाट तयार भइ बिद्यायन समितिमा छलफल भई सिफारिस भै आएको तपसिलमा उल्लेखित निर्देशिका तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।
**तपसिलः**

१. निःशुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९
२. बाली तथा पशुपन्छी बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने निर्देशिका, २०७९
३. छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधी, २०७९

**प्रस्ताव नं. १.०७**
**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन २०७८ र रणनीति २०७९ सम्बन्धमा,**
**निर्णय १.०७**
प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा बाणगङ्गा नगरपालिकामा सञ्चालित कार्यक्रमहरुको बारेमा अध्ययन गरी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट तयार गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन २०७८ अनुमोदन गर्ने र यस कार्यालयबाट तयार गरिएको "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९**" स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.०८**
**आ.व.२०७८।०७९ को वार्षिक समिक्षा सम्बन्धमा,**
**निर्णय १.०८**
प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस कार्यालयबाट आ.व. २०७८।०७९ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रम एवम् प्रवाह गरिएको सेवाको बारेमा सबै शाखाहरुबाट भए गरेका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी मिति २०७९ भाद्र २० गते सोमबारको दिन सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, बिकास साझेदार एवं सरोकारवाला समेतको उपस्थितिमा वार्षिक समिक्षा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.०९**
**प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी योजनाहरु माग गर्ने सम्बन्धमा,**
**निर्णय १.०९**
प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा आ.व. २०७९।०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्रत्येक वडाहरुमा सञ्चालन गरिने योजनाहरुको विवरण सबै वडा कार्यालयहरुबाट माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.१०**
**भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क असुली सम्बन्धमा,**
**निर्णय १.१०**

चक्रपाणी अर्याल
नगर प्रमुख

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस कार्यालयबाट आ.व. २०७९।०८० को लागि नगरपालिका भित्र उत्पादनभई बाहिर निकासी हुने एक तह प्रशोधित नदीजन्य पदार्थको भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क असुलीको लागि ठेक्का बन्दोबस्त गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा एउटा पनि बोलपत्र पेश हुन नआएको तर नदीजन्य पदार्थको निकासीभई रहेको, कार्यालयबाट शुल्क असुलीको व्यवस्थापन गर्न हाल कार्यरत जनशक्ति अपर्याप्त रहेको हुँदा ठेक्का बन्दोबस्त नभए सम्मको लागि स्वीकृत मजदुरको दैनिक ज्यालादारीमा नबढ्ने गरी ज्याला भुक्तानी हुने गरी ज्यालादारीमा कामदार राखी शुल्क असुलको व्यवस्था, रेखदेख तथा नियन्त्रणका लागि तपसिल बमोजिमको शुल्क असुली व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | | | |
|---|---|---|---|
| १. | श्री विष्णु प्रसाद पौडेल | - वडाध्यक्ष - २ | - संयोजक |
| २. | श्री सञ्जु कुमार सारु | - वडाध्यक्ष - १ | - सदस्य |
| ३. | श्री छविलाल रेश्मी मगर | - वडाध्यक्ष - ४ | - सदस्य |
| ४. | श्री मदन प्रसाद घिमिरे | - राजश्व शाखा प्रमुख | - सदस्य |

**प्रस्ताव नं. १.११**

**नदी कटान नियन्त्रण सम्बन्धमा,**

**निर्णय १.११**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिका वडा नं. ९ स्थित कोईली नदी अर्न्तगत मुसीबाङ्ग क्षेत्रमा नगर प्रमुख, जिल्ला सिंचाई कार्यालय प्रमुख, सम्बन्धित वडाध्यक्ष एवम् निर्वाचित जनप्रतिनिधीहरु, स्थानीय बासिन्दा एवम् प्राविधिक कर्मचारीहरुको संयुक्त टोलीबाट स्थलगत निरिक्षण गर्दा नदीको बहाव क्षेत्रमा नदीजन्य पदार्थ थुप्रन गई बहाव नै परिवर्तन हुनसक्ने अवस्था देखिएको, नदीको बहाव परिवर्तन भएमा सिङ्गो भलवाड गाउँनै जोखिममा पर्ने अवस्था देखिएकोले उपभोक्ता समिति मार्फत तत्काल नदीको बहाव क्षेत्रमा रहेको नदीजन्य पदार्थ हटाई यथा स्थान बाट नदीको बहाव कायम राख्न नगर विकास योजनाको आकस्मीक भौतिक पूर्वाधार निर्माण सुधार शिर्षकबाट खर्च ब्यहोर्ने गरी रु. ३ लाख ५० हजार उपलब्ध गराउने ।

**प्रस्ताव नं. १.१२**

**मर्मत संभार सम्बन्धमा,**

**निर्णय १.१२**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणङ्गा नगरपालिका भित्र रहेका अधिकांश सडकहरु जीर्ण भई आवत जावतमा समेत कठिनाई परिरहेको हुँदा प्रत्येक वडामा रहेका जीर्ण सडकहरु तत्काल मर्मत संभार गर्नुपर्ने भएकोले मर्मत संभार कोषमा विनियोजित रकम मध्येबाट रु. २० लाख खर्च ब्यहोर्ने गरी वडागत रुपमा निम्न बमोजिम रकम बाँडफाँड गर्ने।

तपसिलः

आ.व.०७९।८० को योजना तथा बजेट तर्जुमाको लागि प्रस्तावित वडागत बजेट सिलिङ

वितरण गर्ने कूल बजेट २०००००० शुत्रानुसार वितरणः रु. २० लाख

| वडा नं. | क्षेत्रफल भार | जनसंख्या भार | भौगोलिक विकटता भार | आन्तरीक आय भार | कूल प्राप्तांक | कूल बजेट शुत्रानुसार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | २० | ६० | १० | १० | | | |

ऋषिकेशपाणी अर्याल
नगर प्रमुख
४

| | मापन अंक (वर्ग कि.मी.) | प्राप्तांक | मापन अंक (जनसंख्या ) | प्राप्तांक | मापन अंक (विकटता) | प्राप्तांक | मापन अंक (राजस्व) | प्राप्तांक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५.७७ | ०.४९ | ६८४५ | ४.०७ | १ | ०.५६ | २३२३३४४ | १.१३ | ६.२५ | १२४९०० | १२४९०० |
| २ | ३०.११ | २.५१ | ११४१५ | ६.७९ | १ | ०.५६ | २४२१६२२ | १.१७ | ११.१ | २२२०६८ | २२२०६८ |
| ३ | १०.१७ | ०.८७ | ७४९९ | ४.४६ | २ | १.११ | १३८८६०७ | ०.६७ | ७.११ | १४२२७८ | १४२२७८ |
| ४ | १०.४३ | ०.८९ | ११२९४ | ६.७१ | १ | ०.५६ | २४९५६७१ | १.२१ | ९.३७ | १८७४६० | १८७४६० |
| ५ | १०.३ | ०.८८ | ७३२० | ४.३५ | २ | १.११ | १३३८८२७ | ०.६५ | ६.९९ | १३९८९० | १३९८९० |
| ६ | ८.२१ | ०.७० | ६३११ | ३.७५ | २ | १.११ | ११०२८३६ | ०.५३ | ६.१ | १२२०२३ | १२२०२३ |
| ७ | ७.०३ | ०.६० | ९४५१ | ५.६२ | १ | ०.५६ | १७५६४५७ | ०.८५ | ७.६३ | १५२५५५ | १५२५५५ |
| ८ | ३४.९१ | २.९९ | ११९४३ | ७.१० | १ | ०.५६ | ३०२४०१४ | १.४६ | १२.११ | २४२२७५ | २४२२७५ |
| ९ | ६१.१३ | ५.२४ | ८१९३ | ४.८७ | २ | १.११ | १२७४६६३ | ०.६२ | ११.८४ | २३६८१७ | २३६८१७ |
| १० | ३६.४३ | ३.१२ | ९३६७ | ५.५७ | ३ | १.६७ | १२६३१८१ | ०.६१ | १०.९७ | २१९४१८ | २१९४१८ |
| ११ | १८.६८ | १.६० | ११२८७ | ६.७१ | २ | १.११ | २२५६१७५ | १.०९ | १०.५२ | २१०३१६ | २१०३१६ |
| | २३३.६८ | २० | १००९२५ | ६० | १८ | १० | २०६४५३९७ | १० | १०० | -२००००००० | २०००००० |

**प्रशताव नं १.१३**

**मानव संसाधन विकास योजना सम्वन्धमा,**

**निर्णय नं १.१३**

प्रश्तुत प्रश्ताव उपर छलफल गर्दा मानव संसाधन विकास सम्वन्धमा विषय क्षेत्रगत रुपमा प्रशश्त कामहरु भएका, शिक्षा क्षेत्रमा उल्लेख्य बजेट लगानी भएको, क्षमता बिकासका प्रशश्त कामहरु भएका तर एकिकृत रुपमा नगरपालिकाको मानव विकास योजना नबनिसकेको अवस्थामा सो निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने साथै जन प्रतिनिधि र कर्मचारीहरुको क्षमता बिकासलाइ चालु आ.व. २०७९/०८० मा बजेट तथा कार्यक्रम रहेकोले उच्च प्राथमिकतासाथ कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रशताव नं १.१४**

**समिति गठन सम्वन्धमा,**

**निर्णय नं १.१४**

"संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७७ को दफा १४ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारीस गर्नका लागि कार्यालयबाट गठन गरिएको तपसिल बमोजिमको प्राविधिक समितिलाई स्वीकृत एवम् सर्मथन गर्ने निर्णय गरियो।

तपसिलः

योजना शाखा प्रमुख श्री शान्तराज आचार्य - संयोजक

आयोजना तथा कार्यक्रमसंग सम्बन्धित क्षेत्रको विज्ञ राजश्व शाखा प्रमुख श्री मदन प्रसाद घिमिरे - सदस्य

वातावरण शाखा प्रमुख ईन्जिनियर श्री सुरज घिमिरे - सदस्य सचिव

चक्रपाणी अर्याल
नगर प्रमुख